## पृष्ठभूमि

संसारभर छरिएर आफ्नो व्यवसाय गरिरहेका र ज्ञान, सीप आर्जन गरिरहेका नेपालीहरुको आश्था र भरोसाको केन्द्र गैरआवासीय नेपाली संघले हालैमात्र मलाई अन्तर्राष्ट्रिय समन्वय परिषदअन्तर्गतको सरसफाईसम्बन्धी उपसमूहको संयोजकका रुपमा मनोनयन गरेको सहर्ष जानकारी हालैमात्र मैले गराएको थिएँ । म केही समयदेखी नेपालमा एन आर एन ए र खेम्स क्लिनिङमार्फत नेपालका थोरैमात्र भए पनि महत्वपूर्ण र अति संवेदनशिल क्षेत्रको सरसफाईको काममा छु । जस्तो कि बिश्वोको कुनै पनि देशबाट हवाई मार्ग हुदै नेपालमा पहिलो पाइला टेकिने त्रिभुवन अन्तर्राष्टिय विमानस्थल र विश्वका हिन्दूहरुको आश्थाको केन्द्र पशुपतिनाथ आदि । यी साझा र पवित्रस्थलमा छोटो समयमा सीमित साधन र स्रोतबाटै पनि हामीले गरेको सरसफाईको काम उदाहरणीय रुपमा स्थापित भएको मात्र नभएर यसले एक किसीमले भन्ने हो भने अभियानकै रुप पनि लिएको महसुश यहाँहरुले पनि संसारको जुनसुकै कुनामा रहेर पनि गर्नुभएकै होला भन्ने मेरो विश्वास छ । यो छोटो समयमा म आफैले पनि मैले मेरो जीवनमा प्रत्यक्ष भेट्न सकौँला भन्ने अनुमान समेत नगरेका नेपालका सम्मानित, विशिष्ट र आफ्जनो क्षेत्रमा ख्याती कमाएका अथवा छोटो भाषामा भन्नुपर्दा कुनै विशेषण विना नै नामैले मात्र सबै नेपालीले चिन्न सक्ने व्यक्तित्वहरुसँग भेटगर्ने अवसर पाएँ । उहाँहरुका प्रेरणाका शब्दहरु मेरा कानमा अहिले पनि सधैँ साँझ विहान गुन्जिरहेका छन् र तिनै प्रेरणाका शब्दहरुले मलाई मेरो जन्मभूमिमा केही गरौँ भन्ने भावना भित्रैदेखि जगाएको छ । साँच्चिकै ठूलो मानिसका प्रेरणाले यसरी मानिसलाई ओतप्रोत गर्दाेरहेछ कि मैले त्यो जस एक्लै लिन नचाहेर वा थेग्न नसकेर सबै नेपाली दाजुभाई दिदीबहिनीहरुसमक्ष आज बाँड्ने जमर्काे गरेको हुँ । त्यसैले पनि छोटै समयमा दिलाएको यो अद्भूत खुसीको अनुभूति यहाँहरुमा स्मरण गराउँदै मातृभूमिका लागि अब के गर्ने त भन्ने कार्ययोजना संसारमा रहेका सबै गैर आवासीय नेपालीहरुसमक्ष बाँड्न चाहन्छु । आशा छ एक थुकी सुकी सय थुकी नदी भनेजस्तै मिलेर गर्यौं भने हामीले हाम्रो जन्मघर चम्क्याउन सक्छौँ । ईजीप्ट्को पिरामीड पनि एकरातमै बनेको होइन । भनिन्छ, रोम सहर पनि एकरातमै बनेको होइन । यी दुई संरचनाको पनि जग पहिलो अथवा एउटै इट्टाले बसालेको हो । यही ठानेर मैले पनि मलाई यस संघले दिएको जिम्मेवारीलाई सिर्जनामा बदल्ने प्रयास गरेको छु र यहाँहरुसबै समक्ष सफा नेपाल निर्माणको पहिलो इट्टा बसाल्ने प्रण गरेको छु ।

## मुख्य कार्यक्रम

यस समितिलाई मैले तत्कालैका लागि अथवा अल्पकालीन लक्षका रुपमा विसं २०७५ लाई ुराष्ट्रिय सरसफाई अभियान वर्षु का रुपमा कामगर्ने योजना बनाएको छु । यसका लागि नेपाल सरकारसमक्ष पहल गरीसकेको छु र यस बारेमा सरकारलाई प्रस्ताव पनि गरिएको छ । यसका लागि यस संघमार्फत संघका विश्वका शाखाहरुलाई आह्वान गर्नेगरी अथवा संसारमा रहेको एनआरएनले नेपालमा सफाईको

काम कसरी गर्नसक्छन  त भन्ने बारेमा विस्तृत कार्ययोजना पनि तल सामान्यतया प्रस्ताव गरिएको छ । यसमा यहाँहरुले अझ राम्रो कार्ययोजना सुझाउन पनि सक्नुहुनेछ । यस अन्तर्गत तीर्थस्थल, देवस्थल, पर्यटकीय एवम् पूरातात्विक तथा सांस्कृतिक र ऐतिहासिकस्थल, सडक, सरकारी अस्पताल लगायतका देशका सबै क्षेत्रहरुको सफागर्न सकिन्छ । यसका लागि खासगरी समय, श्रम, सीप र लगानी गरी चार कुराको खाँचो छ । केही गरौं भन्ने भावना भएका विश्वका गैरआवासीय नेपालीहरुलाई यो आह्वान गरिएको छ । यस कार्ययोजनामा यहाँहरुको सुझाव र लगनशिलता हेरेर र मनन् गरेर आगामी दिनमा अघि बढ्न सकिने छ । यो सरसफाईको क्षेत्र भनेको अहिलेको लागि नेपालले गर्नुपर्ने र गर्न सकिने क्षेत्र भएकोले संसारका कुना काप्चामा सीप, ज्ञान र धन आर्जन गरिरहेका हामीसँग मातृभूमिले यो अपेक्षा गरेको पनि हुनसक्छ । तत्कालका लागि हामीले संसारका सबै शाखाको नेपाल सफागर्न लाग्ने इच्छालाई पूरा नगर्न पनि सक्छौं । यसपटक हामीले केही ब्यक्ती अथवा शाखाबाट सुरु गर्न सक्छौं । त्यसपछि हामीले कार्यको प्रकृति र खाँचो हेरेर त्यसलाई आगामी दिनमा नेपालमा देशव्यापी र संघको हकमा संसारव्यापी पनि गर्न सक्छौं ।

अहिले भने हामीले यो अभियान दुई प्रमुख उद्देश्यका साथ गर्नुपर्ने देखिन्छ । पहिले त अहिले भैरहेको फोहोर सफा गर्ने र त्यस सँगसँगै अबदेखि फोहोर नगर्ने भावना नागरिकमा जागृत गराउने । सफा एकपटक मात्र गर्ने वा अरुले गरिदिने मात्र नभएर यो सरसफाईसँगै सीप हस्तान्तरण गर्ने जसले गर्दा आगामी दिनमा आफ्नो ठाउँको सफा आफै गर्न सकियोस । यो सरसफाई अभियान विसं २०७५ लाई सरसफाई बर्षका रुपमा मनाउन सकिएमा त्यसले बर्ष दिनसम्म धेरै काम हुने र यसबाट सरसफाइको कार्य सरकारी प्राथमिकतामा पर्नसक्छ । सरकारको नियमित कार्यक्रममा यो काम पर्न सकेमा यसले भोलिका दिनमा नियमितता पाउन सक्छ र संस्थागत पनि हुदै जानेछ ।

सरसफाई वर्ष २०७५ को मुख्य २ उद्देश्य

१, अहिलेका संरचनाहरु जस्तो विमानस्थल, देवस्थल, तीर्थस्थल, पर्यटकीयस्थल, राष्ट्रिय, अन्तर्राष्ट्रिय र ऐतिहासिक सम्पदाहरु, सहर, बाटो, विद्यालय, सरकारी कार्यालय, सरकारी अस्पताल आदि धेरै संरचनाको सरसफाई गर्ने,
२, फोहोर संरचनाहरुको सस्तो, दिगो र प्रभावकारी रुपमा सफाई गर्न सकिनेगरी सीप हस्तान्तरण गर्ने र फोहोर नगरौं भन्ने भावनाको विकास गरी सरसफाईसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने,

कामको मोडालिटी

१, यससम्बन्धी कार्यक्रमहरु माथिका उद्देश्यका आधारमा तयार गरिने छ । कार्यक्रमको पहिलो चरणमा नै २०७५ सालभर हुनेछ ।

२, कार्यक्रमका लागि गैर आवासीय नेपाली संघको समन्वयमा नेपाल सरकार ९यसअन्तर्गत पर्यटन तथा सरसफाई मन्त्रालय, पर्यटन महाशाखा तथा देशव्यापी रहेका कार्यालयहरु, पर्यटन बोर्ड, पर्यटनसँग सम्बन्धित संघसंस्थाहरु, होटल एसोशिएसन अफ नेपाल, ट्राभल्स एण्ड टुर्स् एजेन्सी तथा एजेन्ट, होम स्टे एसोसिएसन, प्याब्सन, सम्बन्धित जिल्लाका पर्यटन परिषद, महिला समूहहरु, टोल सुधार समितिहरुलगायतको सक्रिय सहभगिता, परिचालन र नीतिगत र कार्यगत संलग्नता हुनेछ ।

३, देशव्यापी रुपमा तालिम तथा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । विभिन्न चरणमा कार्यक्रमहरु विभाजन गर्ने जस्तो कि सफाई अभियान, तालिम, सीप हस्तान्तरण, जनजागरण एवम् आवश्यकताअनुरुप अन्य पनि ।

४, यी कार्यका लागि नेपाल सरकार र एनआरएनको सम्बन्धित शाखाबीच सम्झौता हुनेछ । कतिपय स्थानमा नेपाल सरकारको संलग्नता पनि आवश्यक रहनेछ । जस्तो कि लुम्बिनी, पशुपतिनाथ, स्वयम्भु, पाटन आदि स्थानगत सफाईको काम गरियो भने त्यसमा ती संरचनाको सञ्चालक समिति र सम्बन्धित देशको एनआरएनबीच सम्झौता हुनेछ । स्थलगत रुपमा गएर कामचाहिँ खेम्स क्लिनिङले गर्नेछ ।

५, यी माथिका कुनै कामहरुका अतिरिक्त हालका लागि अर्थात यो वर्षदिनमा कुनै विश्वसम्पदा सूची जस्तो कि अस्पताल या कुनै स्थान विशेषको सफाई हामीले गर्छौं भनेर कुनै एनआरएन शाखाले प्रतिबद्धता व्यक्त गर्न सक्नेछ र त्यसका लागि आवश्यक रकमको कबोल गरी उक्त स्थान वा कार्यालयसँग सम्झौता गर्न सक्नेछ । जस्तो कि अमेरिका शाखाले वीर अस्पताल सफा गर्छु भन्ला या अष्टेलियाले लुम्बिनी या स्वयम्भु ९कृपया यो उदाहरणमात्र हो० ।

६, सफाई अभियानको कामको नेतृत्व, समन्वय, सफागर्ने काम, मजदुर र प्रशासनिक व्यवस्थापन, त्यसको अनुगमन, मूल्यांकन, परीक्षण, गुणस्तर कायम राख्ने काम, सबै खेम्स क्लिनिङले गर्नेछ । यसका लागि वित्तीय व्यवस्थापनको काम चाहिँ संघको सम्बन्धित शाखा नै हुनेछ । वित्तीय व्यवस्थापनको पारदर्शिताका लागि सम्बन्धित शाखा र सम्बन्ध नेपाल सरकारको निकायलाई आवधिक रुपमा रिपोर्ट दिनेकाम खेम्स क्लिनिङले गर्नेछ ।

७, यसका लागि गैरआवासीय संघको सम्बन्धित शाखाले कुन क्षेत्रमा कामगर्ने जस्तो तालिम, जनचेतना अभिबृद्धि, सफा अभियान सञ्चालन वा कुनै पर्टिकुलर सम्पदाको सफाई के गर्ने हो त्यसका लागि आफ्नो छनौट र उपलब्ध गराउन सक्ने बजेटको बारेमा प्रस्ताव पठाउनुपर्नेछ । उक्त बजेट र सम्बन्धित शाखाको छनौटको आधारको बैज्ञानिकताका आधारमा परियोजना छनौट गरिनेछ । यो प्रारम्भिक कार्य भएकोले अहिलेका लागि सीमित कार्यका लागि सीमित शाखाहरुमात्र छनौट हुने भएकोले तोकिएको समयमै स्पष्टसँग खुल्नेगरी आफ्नो प्रस्ताव र बजेट पठाउनुपर्नेछ ।

८, जुन शाखाले त्यो स्थान वा संरचना सफा गर्ने हो उसद्धारा गरिएको भनी सम्बन्धि स्थानमा बोर्ड रखिने छ । त्यस क्षेत्र वा संरचना वा कार्यालय त्यस शाखाले सफा गरिरहेको छ भनी राखिएको बोर्डको गरिमा र उसको कार्यको प्रसंशा हुने अवस्थाको सिर्जना खेम्स क्लिनिङले गर्ने नै छ । साथै त्यस स्थानमा राखिने उजुरी पेटिकाबाट प्राप्त सुझाव र गुनासाहरुको सम्बोधन गर्नुको साथै जस्ताको त्यस्तै जानकारी सम्बन्धित शाखालाई पनि गराइने छ ।

९,सम्बन्धित शाखाले दिनसक्ने समय, सीप, श्रम र लगानीको आधारमा प्रस्ताव छनौट हुनेछ । छनौट भएका शाखालाई मात्र यो कार्यको त्बकप ँयचअभ मा संलग्न गरिनेछ । उक्त शाखासँगको अहिलेको यो कार्यको सम्पन्नता पछि पनि आगामी सहकार्यको मोडालिटी पनि पछि संघ, शाखा र यस खेम्स क्लिनिङलको आपसी सहमतिबाट गर्न सकिनेछ ।

अपेक्षित परिणाम

यो कामको परिणाम कस्तो निस्किन्छ भन्ने कुरा मलाई छोटै अनुभवमा नै थाहा भइसकेको छ । नेपालमा कामको सम्मान हुन्छ भन्ने वास्तविकताको अनुभव मैले छोटै समयमा गरिसकेको छु । त्यसैले मैले यहाँ यो कामको परिणाम कस्तो निस्किएला भन्ने बारेमा एउटा मात्र उदाहरण दिन चान्छु । जस्तो वीर अस्पताल । वीरमा सबैभन्दा राम्रा उपकरण छन्, सबैभन्दा राम्रा डाक्टर छन् र व्यवस्थापनका लागि सबैभन्दा धेरै स्टाफ पनि छन् । तर किन विरामी जाँदैनन् रु किनभने त्यहाँ फोहोर छ । कुनै विरामी भर्ना भएर बस्न चाहँदैन किनभने त्यो अस्पतालको बेडमा बसेर खानाखान उसले सक्दैन । तर पनि सबैभन्दा धेरै तर गरिब विरामी जान्छन् त्यहाँ त्यो उसको बाध्यता हो । अब त्यो अस्पताल संघको कुनै एउटा शाखाले जिम्मा लिएर सफा गर्यो भने कति गरिब आत्माले आशिर्वाद दिन्थ्यो होला रु सोझो आत्माले सराप्नेभन्दा आशिर्वाद थाप्न पाउनु राम्रो हो नि, होइन र रु उनीहरुमात्र होइन, ६ महिनाको सफाई र त्यसको सकारात्मक सन्देश बजारमा पठाउन सकियो भने ठूलाबडाहरु नै वीरमा उपचारमा जानेछन् । अनि निजी क्लिनिकको चर्काे ठगाईबाट नेपाली नगारिक बच्न सक्नेछन् । अनि यो मोडेल नेपालका अरु सरकारी अस्पतालमा पनि माग हुनेछ । यसमा संका छैन । यसरी हामीले असहाय, निमुखा र वास्तविक रुपमा नागरिकको लाभ लिन नसकेका नेपालीको मनछुने काम गयौँभनेमात्र हामीले केही प्राप्त गर्न देश छोडेर हिँडेको सार हुनेछ । यो एउटा मोडेल हो, यस्तो उदाहरण हामीले नेपालभरि पुर्याउन सक्नेछौँ ।

प्रस्तावक
खेम शर्मा
सरसफाई अन्तरास्ट्रिय उपसमिती
गैर आवाशीय नेपाली संघ